लालबन्दी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही

मधेश प्रदेश, नेपाल

## आर्थिक बर्ष २०८२/०८३ को लागि कालिन्जोर खोला र फुलजोर खोलाको नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आब्हान सम्बन्धी सूचना ।

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०४/०९)**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२क. र यस लालबन्दी नगरपालिकाको आर्थिक ऐन, २०८२ को दफा १७ को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी यस नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु, कारवाही वा कालोसूचीमा नपरेको स्वःघोषणा र अख्तियारनामा सहितको रितपूर्वक बोलपत्र (**E-Bidding**) आब्हान गरिएको छ। बोलपत्रको विस्तृत शर्तहरु र सोसँग सम्बन्धित कागजातका लागि **www.bolpatra.gov.np/egp** वा यस कार्यालयको वेबसाइट **www.lalbandimun.gov.np** मा हेर्नुहुन समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ।

तपसिलः

| क्र. सं. | बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घन मिटर) | न्युनतम बोलपत्र रकम (मू.अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | आ.आ. ६ - २०८२/०८३ | कालिन्जोर खोलाको नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदि) उत्खनन्, संकलन तथा बिक्री वितरण | ७९०८३ | रु.१,५८,१६,६००/- (एक करोड, अन्ठाउन्न लाख, सोह हजार, छ सय रुपैया मात्र) | मु.अ. कर सहितको कबोल अंकको ५% | ३००० |
| २ | आ.आ. ७ - २०८२/०८३ | फुलजोर खोलाको नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदि) उत्खनन्, संकलन तथा बिक्री वितरण | ५२५४२ | रु.१,०५,०८,४००/- (एक करोड, पाँच लाख, आठ हजार, चार सय रुपैया मात्र) | मु.अ. कर सहितको कबोल अंकको ५% | ३००० |

शर्तहरु :

१. आफ्नो फर्म वा कम्पनी नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. २०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित प्रति बोलपत्र फारम दस्तुर रकम रु.३०००/-(तीन हजार मात्र) यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको **आन्तरिक राजस्व खाता नं. १२८०१००३०१०१०००२** मा जम्मा गरी सो को भौचर संलग्न गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट **www.bolpatra.gov.np** को विद्युतीय प्रणालीबाट यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३१औं दिनको १२:०० बजेसम्म अनिवार्य **Online (E-Bidding)** प्रणालीमा पेश गरीसक्नु पर्नेछ। सोही दिन दिनको ०२:०० बजे कार्यालयको प्रतिनिधिहरु र बोलपत्रदाताको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन उल्लिखित कार्यहरु हुनेछ। बोलपत्र खोल्ने समयमा बोलपत्रदाताको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन।

२. बोलपत्र सम्बन्धि फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफुले कबोल गरेको अंकको (मू.अ. कर सहित) ५(पाँच) प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको धरौटी खाता नं. १२८०१००३०३००००२ मा रकम जम्मा गरेको अर्धकट्टीको सक्कल भौचर वा "क" वर्गको राष्ट्रियस्तरको बैंकबाट ठेक्का नं. उल्लेख गरी यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ९० दिनको म्याद भएको रितपूर्वकको बोलपत्र जमानत(बिड बण्ड) को **Scan** कपी बोलपत्र फारम साथ पेश गर्नु पर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

३. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले २०औं दिन दिनको ०१:०० बजे यस कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्वन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ। उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ।

४. वोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

५. वोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको मितिले १५ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई आफुले कवोल गरेको कुल रकमको **३४ प्रतिशत** रकम बोलपत्र स्विकृत भएको मितिले **१५(पन्ध्र)** दिन भित्र कुनै छुट नहुने गरी नगदै दाखिला गरी र **बाँकी ६६ प्रतिशतको ११ (एघार) महिना** म्याद भएको कार्यसम्पादन जमानत(बैंक ग्यारेण्टी) पेश गर्नु पर्नेछ। सो को आधारमा सम्झौता गरी पट्टा उपलब्ध गराइनेछ। बोलपत्रदाताले सम्झौताको तीन महिना पश्चात ३३ प्रतिशत र पुनः तीन महिना पश्चात बाँकी ३३ प्रतिशत रकम यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको आन्तरिक राजस्व खाता नं. १२८०१००३०१०१०००२ मा दाखिला गर्नु पर्नेछ । कुनै कारणले बोलपत्रदाताले बोलपत्र सम्झौता गर्न नसकेमा वा निर्धारित अवधिमा किस्ता रकम दाखिला गर्न नसकेमा निजको धरौटी जफत गरी तथा कार्यसम्पादन जमानत (बैंक ग्यारेण्टी) बाट रकम जफत गरी प्रचलित कानून वमोजिम कालोसूचीमा राख्ने लगायतको कारवाही गरिनेछ। साथै बोलपत्र कबोल गर्ने फर्मले आफुले कबोल गरेको अंक रकमको नियमानुसार थप १३ प्रतिशत भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

६. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ । यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, यस नगरपालिबाबाट जारी भएका कानूनहरु, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड वमोजिम हुनेछ। साथै यस कार्यालयवाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

७. ठेक्का अवधि सम्झौता भएको मिति देखी २०८३ जेठ मसान्तसम्म रहनेछ।

८. ठेकेदारले व्याकहोलोडर, एक्जाभेटर, टिपर लगायतका यन्त्र र ठुला सवारी प्रयोग गर्दा जिल्ला अनुगमन समितिको पूर्व स्वीकृती लिई मात्र प्रयोग गर्नु पर्नेछ। ठेकेरदारले उठाउने कर यस कार्यालयले तोकेको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ। राष्ट्रिय राजमार्ग र सहायक राजमार्गहरुमा ढाट राखी कर उठाउन पाईने छैन। सडकपुल र झोलुङ्गेपुलको एक हजार मिटर तल र पाँच सय मिटर माथिको नदिजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न पाईने छैन। नदीको मध्यम भागबाट तोकिएको मापदण्ड भन्दा गहिरो नहुने गरी नदिजन्य पदार्थ उत्खनन् तथा संकलन गर्नु पर्नेछ।

९. ठेकेदारले बन्द, हड्ताल र समय अभाव तथा अन्य कारण देखाइ छुट तथा मिनाहा दाबी गरेमा कार्यालयले छुट दिईने छैन।

१०. ठेकेदारले कर संकलन गर्ने स्थानमा कर संकलन गरिने नदीजन्य पदार्थहरुको मूल्य सहितको सूची सर्वसाधरणले देख्ने गरी आफ्नै तर्फबाट अनिवार्य रुपमा राख्नु पर्नेछ। साथै नदीजन्य पदार्थ संकलन गर्ने घाटमा समय र परिणाम खुल्ने गरी होर्डिङ्ग बोर्ड ठेकेदारले स्वयम् राख्नु पर्नेछ। यसरी उत्खनन तथा संकलन गरेको परिमाणको प्रतिवेदन दैनिक रुपमा यस नगरपालिका कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

११. नदीजन्य पदार्थ उत्खनन् तथा संकलन र ढुवानीको लागि प्रयोग हुने सडकहरुमा खाल्डा खुल्डी पुर्ने, सामान्य मर्मत सुधार गर्ने र कच्ची सडकको धुलो नियन्त्रणका लागि समय समयमा पानीले सडक भिजाउने कार्य सम्बन्धित ठेकेदारले गर्नु पर्नेछ। सो बापतको खर्च दावी गर्न पाउने छैन।

१२. विपद् व्यवस्थापन तथा अति आवश्यक बाटो मर्मतका लागि जिल्ला विपद् व्यवस्थापन समितिको अनुमति लिएर नगरपालिकाले नगरपालिकाको आफ्नो स्रोत र साधन प्रयोग गरी नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गरी मर्मत गर्न सक्नेछ। उक्त कार्यको लागि कुनै बाधा पर्ने छैन ।

१३. नेपाल सरकार, प्रदेश सरकार र यस कार्यालयले समय समयमा दिएको निर्देशन पालन गर्नु ठेकेदारको कर्तब्य हुनेछ ।

१४. कुनै कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। बिशेष अवस्थामा सुचनामा उलेखित शर्त र समय हेरफेर गर्न सकिने छ। यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

लालबन्दी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लालबन्दी, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत